# नगर कार्यपालिकाको बैठक नं. १/२०७९/८०

आज मिति २०७९/०४/२२ गते आईतवार दिनको १:०० बजे क.उ.म.न.पा.को मर्यादित सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको प्रथम बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

<u>छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-</u>

१. स्वास्थ्य प्रवर्धन केन्द्रमा चिकित्सक (एम.बी.बी.एस.) र स्त्री रोग विशेषज्ञ करार सेवामा नियुक्त गर्ने सम्बन्धमा ।

निर्णय :- वडा नं. १३, बलिरामपुर स्वास्थ्य प्रवर्धन केन्द्रमा चिकित्सक (एम.बी.बी.एस.)-१जना र स्त्रीरोग विशेषज्ञ-१ जना करार सेवामा नियुक्त गर्नलाई सार्वजनिक विज्ञापन गर्ने निर्णय गरियो ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना स्वीकृत सम्बन्धमा ।

निर्णय :- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व.२०७९/८० को लागि तपसिल बमोजिमका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| वडा विवरण | आयोजनाहरुको विवरण | सूचीकृत बेरोजगार व्यक्ति संख्या | प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट | वडाबाट छुटयाइएको बजेटबाट |
|---|---|---|---|---|
| वडा नं १ | कट्टी पर्सा टोलमा छुट्टाईएकी एलानी जग्गामा बृक्षारोपण कार्यक्रम | ९ | १५००००/- | |
| | कृषि सडक निर्माण | | ३०००००/- | |
| | कलैया गाउँ भन्दा पूर्व रहेको सिचाई देखि उत्तर तर्फ काली माई मन्दिर जाने बाटो विस्तार र मर्मत | | ३०००००/- | |
| वडा नं ६ | वडा भरीका बाटोको छेउमा बृक्षारोपण गर्ने | ३९ | २०००००/- | १५००००/- |
| वडा नं ८ | बृक्षारोपण कार्यक्रम | १२ | १५००००/- | |
| वडा नं ९ | रामपुर ओहिद मिया चुरिहारको घर देखि लहेरवा तथा लक्ष्मीनिया टोल जाने बाटो सम्म कृषि बाटो निर्माण कार्य | ११ | ३०००००/- | |
| वडा नं ११ | वडा नं. ११ स्थित विशम्भरपुर टोलमा रहेको श्री ने.रा.मा. विद्यालय भवन भत्काउने कार्य | ७ | २२००००/ | |
| वडा नं १२ | सितलपुरमा रहेको सार्वजनिक स्थान,स्कुल,छठीयाघाट, मन्दिर, मस्जिद र सो टोलमा रहेको सबै बाटो घाटोको दुबै किनारामा बृक्षारोपण कार्यक्रम | २६ | २०००००/- | |
| वडा नं १४ | भौरा,बघवन,जीतपुर,लक्ष्मीनिया हुदै लक्ष्मीमाई सम्म रहेका सिचाईको लागि कुलो पैनी सरसफाई तथा मर्मत सम्भार | ५९ | ३०००००/- | |
| वडा नं १६ | बाटोमा नाला ढलान बाटो मर्मत ग्रेभल तथा अन्य कार्य | ७४ | ४०००००/- | १००००००/- |
| वडा नं १७ | वडा नं १७ बाट भएको बृक्षारोपण कार्यक्रम लाई प्र रो का मार्फत श्रमिक उपलब्ध गराई बोटविरुवा संरक्षण गर्ने | ९ | १०००००/- | |
| वडा नं १८ | मनगढवामा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको फिल्डमा माटो पुर्ने | २६ | १०००००/- | |
| वडा नं २१ | भोड.हा बजार टोलको दक्षिण कल्भर्ट देखि भलुहिया रामेश्वर नाथ मन्दिर जाने बाटोलाई मर्मत सम्भार तथा रामेश्वर नाथ मन्दिर वरिपरि समेत सरसफाई कार्य गर्ने | ६२ | ३०००००/- | |

| | | | | |
|---|---|---|---|---|
| | देवानन्द चौधरीको खेत देखि रामअयोध्या यादवको खेत सम्मको कृषि बाटो मर्मत गर्ने | | ३०००००/- | |
| | रुपा बरई को खेत देखि अलिअसगरको खेत सम्मको नया कृषि बाटो निर्माण गर्ने कार्य | | ३०००००/- | |
| | खम्वा मुसहर टोलको नयाँ बाटो ढलान देखि पूर्व र दक्षिण जाने सियाराम राउतको घर सम्म नया बाटोमा माटो पुर्ने कार्य | | ३०००००/- | |
| | मदिल्वा २१ र २२ को सिचाई कुलो सरसफाई तथा बाध निर्माण कार्य | | ३०००००/- | |
| वडा नं २२ | कृषि सिचाईका लागि कुलो पैनी सरसफाई तथा मर्मत सम्भार | १५७ | ३०००००/- | |
| वडा नं २३ | बैराटपुर नयका टोलमा रहेको स्कुल कम्पाउण्ड वालमा प्लाष्टर तथा मर्मत । प्र रो का को लागत साझेदारी मार्फत कार्यन्वयन प्रक्रिया अगाडी बढाउने) | ३७ | २०००००/- | ३०००००/- |
| | वडा नं. २३ भित्र रहेका सम्पूर्ण सडकको स्तरोन्नत्ति तथा मर्मत सम्भार | | २०००००/- | |
| | वडा नं. २३ भित्र रहेका विभिन्न बाटो को दुवै छेउमा फलफुल विरुवा तथा बृक्षारोपण | | १५००००/- | १०००००/- |
| | वडा कार्यालय हाता भित्र फलफुल विरुवा रोपण | | १५००००/- | १०००००/- |
| | वडा नं. २३ भतौडा वडा कार्यालयको पोखरी डिलमा रहेको पिपलको बोट मुनि चौतारा निर्माण | | ५००००/- | ५००००/- |
| वडा नं २४ | मनहर्वा,सखुई,श्रीपुर टोलमा रहेको सिचाईका लागि कुलो पैनी सरसफाई तथा मर्मत | ७१ | ३५००००/- | |
| | श्रीपुर टोलमा वृक्षारोपण कार्य | | १०००००/- | १०००००/- |
| | श्रीपुर र सखुई टोलमा कृषि सडक मर्मत गर्न कार्य | | ३०००००/- | ५०००००/- |
| वडा नं २५ | वडा नं. २५ मा सहरी विकास मन्त्रालय द्वारा निर्माण गरिएको कालोपत्रे सडक खण्ड र ढोडिया देखि सोना माई मन्दिर सम्म सडक को दुवै छेउमा बृक्षारोपन कार्य | ११३ | १५००००/- | |
| वडा नं २६ | श्री ने.रा.मा.वि सिस्वा महेशपुर टोलमा माटो पुर्ने र बृक्षारोपण कार्य | ५७ | १५००००/- | |
| | आधारभुत स्वास्थ्य चौकी माटो पुर्ने र कम्पाउण्ड वाल निर्माण | | २०००००/- | १००००००/- |
| | कबुरगाद देखि सानो दोहोरी सम्म कृषि सडक मर्मत र बृक्षारोपण कार्य | | २०००००/- | |
| वडानं २७ | बार्वा टोल इमिर्ती खोला देखि वडा नं. ९ सम्म कुलो पैनी सरसफाई तथा मर्मत | ५८ | २५००००/- | |
| | कट्टी टोल देखि गोवास टोल सम्मको बाटो को छेउमा बृक्षारोपण (मसाला, जामुन, टिक, सिमल, सिसो सपेता,निम) कार्य | | १५००००/- | |
| | श्री ने.रा.आधारभूत विद्यालयमा मर्मत सम्भार सरसफाई र बृक्षारोपण कार्य(विजुलपुर रामपुर) | | १५००००/- | |
| | रामपुर राम टोल निर ब्रहमबाबाको मन्दिर नजिकै ऐलानी जग्गाको संरक्षण तथा तारकाटी गर्ने कार्य | | २५००००/- | |
| | रामपुर टेंगरहर पुल देखि गंज भवानिपुर जाने पसाहा खोलाको पुल सम्म बाटोको दुवै छेउमा बृक्षारोपण कार्य | | २०००००/- | |
| | वडा कार्यालय भवनको चारैतिर र यसै वडामा रहेको सम्पूर्ण बाटोको छेउमा बृक्षारोपण कार्य | | १५००००/- | |

३. स्थायी पद पूर्तिको लागि लोक सेवा आयोगसंग कर्मचारी मांग गर्ने सम्बन्धमा ।

निर्णय :- यस उपमहानगरपालिकामा रित्त रहेका तपसिल बमोजिमका पदहरुमा स्थायी पदपूर्तिका लागि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगलाई अनुरोध गर्ने ।

<u>तपसिल</u>

अनुसुची - १

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

कलैया उपमहानगरपालिकाको रिक्त पदपुर्तिको लागि माग फारम

माग गर्ने कार्यालयको नाम र ठेगानाः कलैया उपमहानगरपालिका, बारा, मधेश प्रदेश

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | ८ | | | | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | माग पद/तहको नाम | पद/तह | सेवा/समूह/उपसमूह | स्थायी/अस्थायी | आवश्यक शैक्षिक योग्यता | | संक्षिप्त कार्यविवरण र उम्मेदवारले शुरुमा काम गर्नु पर्ने जिल्ला/स्थानीय तह | अघिल्लो दुई आ.व.मा माग भई पुर्ति हुने बाँकी पद संख्या | | यस आ.व.को माग नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या | | कुल माग संख्या | कैफियत |
| | | | | | खुलाको लागि | बढुवाको लागि | | आ.व. ०७७\०७८ | आ.व. ०७८\०७९ | नयाँ पद सृजना | रिक्त | | |
| १ | शिक्षा अधिकृत | शिक्षा अधिकृत, छैठौं\सातौं | शिक्षा | स्थायी | स्नातक | | कलैया उपमहानगरपालिका, बारा | ० | | ० | १ | १ | अपुग दरबन्दी |
| २ | आन्तरिक लेखा परीक्षक | आ.ले.प., छैठौं\सातौं | प्रशासन\आ.ले.प | स्थायी | स्नातक | | कलैया उपमहानगरपालिका, बारा | ० | | ० | १ | १ | अपुग दरबन्दी |
| ३ | इन्जिनियर | इन्जिनियर, छैठौं\सातौं | इन्जिनियरिङ\सिभिल\ बिल्डिङ एण्ड आर्किटेक्ट | स्थायी | स्नातक | | कलैया उपमहानगरपालिका, बारा | ० | | ० | १ | १ | अपुग दरबन्दी |
| ४ | प्राविधिक सहायक | प्रा.स.\पाँचौं | शिक्षा | स्थायी | +२ | | कलैया उपमहानगरपालिका, बारा | ० | | ० | २ | २ | अपुग दरबन्दी |
| ५ | लेखापाल | लेखापाल\पाँचौं | प्रशासन\लेखा | स्थायी | +२ | | कलैया उपमहानगरपालिका, बारा | ० | | ० | २ | २ | अपुग दरबन्दी |
| ६ | नायब सुब्बा | सहायक\पाँचौं | प्रशासन\सा.प्र | स्थायी | +२ | | कलैया उपमहानगरपालिका, बारा | ० | | ० | १८ | १८ | वडाको लागि |
| ७ | खरिदार | सहायक\चौथो | प्रशासन\सा.प्र | स्थायी | SEE | | कलैया उपमहानगरपालिका, बारा | ० | | ० | १० | १० | वडाको लागि |
| | | | | | | | | | | | जम्मा | ३५ | |

कार्यालय प्रमुखको:

दस्तखतः

मितिः

नाम, थरः नाथु साह

पद, तहः प्रमुख प्रशासकीय अधिकृत, , उप-सचिव

४. वार्षिक खरिद/खरिद गुरु योजना स्वीकृत सम्बन्धमा ।

निर्णय :- आ.व. २०७९/८० देखि आ.व. २०८४/८५ सम्मका लागि खरिद गुरु योजना र आ.व. २०७९/८० को लागि वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

५. भू-उपयोग परिषद गठन सम्बन्धमा ।

निर्णय :- भू-उपयोग ऐन, २०७६ बमोजिम जग्गाको बर्गिकरण गर्न र भूमिको समुचित प्रयोग गर्न तपसिल बमोजिमको भू-उपयोग परिषद तथा कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| (क) नगर प्रमुख – | अध्यक्ष |
| (ख) नगर उपप्रमुख – | सदस्य |
| (ग) वडाध्यक्षहरु – | सदस्य |
| (घ) योजना प्राविधिक शाखा प्रमुख श्री माधव प्रसाद यादव – | सदस्य |
| (ङ) नक्सा शाखा प्रमुख श्री राज कुमार साह – | सदस्य |
| (च) कृषि शाखा प्रमुख श्री सुरेश धामला – | सदस्य |
| (छ) नापी शाखा प्रमुख श्री शशिकान्त ओझा – | सदस्य |
| (ज) स्थानीय भू-उपयोग परिषदले तोकेको दुई जना महिला सहित चार जना - | सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत – | सदस्य सचिव |

६. प्र.रो.का.को लागि रोजगार सहायक पदपूर्तिको लागि विज्ञ तोक्ने सम्बन्धमा ।

निर्णय :- **"स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड,२०७८"** को दफा ३ अनुसार यस क.उ.म.न.पा. को रोजगार सेवा केन्द्रमा रहने रोजगार सहायकको छनौट तथा पदपूर्तिको लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृत ज्युको अध्यक्षता र प्रशासन शाखा प्रमुख सदस्य सचिव रहने पदपूर्ति समितिमा प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार संयोजक श्री विवेक गुप्तालाई विषय विज्ञको रुपमा समितिको सदस्यमा तोक्ने निर्णय गरियो ।

७. वातावरण संरक्षण शुल्क संकलन सम्बन्धमा ।

निर्णय :- नगर सभाबाट अनुमोदन हुने गरि वातावरण संरक्षण शुल्क अन्तर्गत वार्षिक आर्थिक ऐन, २०७९ बाट हटाई पटके वातावरण शुल्क मात्र कायम गर्ने र वातावरण सरक्षण शुल्क संकलन गर्न प्रकाशित गरिएको सुचनाको म्याद सात दिन थप गर्ने निर्णय गरियो ।

८. गुमटि विवाद (विभिन्न र १२० नं.समेत)सम्बन्धमा ।

निर्णय :- वडा नं. १ स्थित तरकारी बजारको गुमटि (विभिन्न र १२० नं.समेत) को विवाद निक्यौंल गर्न नगर उपप्रमुख ज्युको संयोजकत्वमा तपसिल अनुसारको सदस्य रहने गरि २ महिना भित्र प्रतिवेदन दिने गरि सात सदसीय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| (क) श्री रौशन प्रविण – | संयोजक |
| (ख) श्री रामेश्वर यादव – | सदस्य |
| (ग) श्री मोहन बहादुर क्षेत्री – | सदस्य |
| (घ) श्री उदित साह – | सदस्य |
| (ङ) श्री दिपेन्द्र महतो – | सदस्य |
| (च) श्री रामविश्वास ठाकुर – | सदस्य |
| (छ) श्री तैयब अंसारी (राजश्व शाखा ) – | सदस्य सचिव |

९. सम्पति विवरण सम्बन्धमा ।

निर्णय :- यस कलैया उपमहानगरपालिका अन्तर्गतका जनप्रतिनिधिहरु र कर्मचारीहरुले २०७९ भाद्र १५ गते भित्र आ-आफ्ना सम्पति विवरण पेश गर्ने निर्णय गरियो ।

१०. सडक बोर्डसंग थप योजना मांग गर्ने सम्बन्धमा ।

निर्णय :- तपसिल वमोजिमको सडक मर्मत सम्भार गर्न अति आवश्यक भएकोले सडक बोर्डमा थप बजेट विनियोजनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

(क) वडा नं. ८, खपरतातादेखि ढोंरिया सम्मको बाटो स्तरोन्नति कार्य ,

(ख) वडा नं. २६ , मनिफ मियाँको घरदेखि जोगी पाण्डेको घर सम्मको बाटो साथै कट्टीपर्सा देखि पर्सा श्री ज्ञान ज्योति प्रा.वि.देखि रामपुर पुल सम्मको बाटोलाई स्तरोन्नति गर्ने कार्य,

(ग) वडा नं. ४, मालपोत देखि अमवा टोल सम्मको बाटो स्तरोन्नति,

(घ) वडा नं. २४, सखुई चौक देखि राजाबाग हुँदै धोंधामटियरिया बाटो स्तरोन्नति र

(ङ) वडा नं. २, दोहारी बजार देखि वडा नं. १६, झिटकैया ढलान बाटो सम्म स्तरोन्नति कार्य

११. सम्पति कर मुल्यांकन दर सम्बन्धमा ।

निर्णय :- एकिकृत सम्पति मुल्यांकन समितिले पेश गरेको मुल्यांकनलाई सर्वसम्मतिबाट स्वीकृत गरियो र साबिक वडा नं. १ देखि १४ को सम्पति मुल्यांकन दरमा १५% ले बृधि गर्ने निर्णय गरियो ।

१२. वडा नं. ९ को माछा पोखरीको म्याद थप्ने सम्बन्धमा ।

निर्णय :- वडा नं. ९ को माछा पोखरी ठेकदार श्री राकेश प्रसाद यादवले ठेक्का सकार गरि आउनु भएकोमा उक्त पोखरी आ.व. २०७७/७८ मा मर्मत गर्नु पर्ने भएकोले यस कार्यालयले पोखरी खालि गराई पोखरी सुक्खाई उत्खनन् र डिल मर्मत कार्य गरेकोले निज ठेकेदार मर्कामा परेकोले निजलाई **"सम्झौताको बुँदा नं. ८ मा उल्लेखित पोखरी मर्मत गर्दा पोखरीमा भएको क्षति मिनहा समेत रहेको"** बुँदा अनुसार ९ महिना थप म्याद थप्ने निर्णय गरियो ।

१३. वडा नं. २३ को माछा पोखरी सम्बन्धमा ।

निर्णय :- यस कलैया उपमहानगरपालिका वडा नं. २३ स्थित रहेको माछा पोखरी आ.ब.२०७२/०७३ देखि आ.ब.२०७६/०७७ अषाढ मसान्त सम्मको लागि रु.२१०००००/- मा ठेक्का सकार गरी चलन

गरी हाल सम्म रु.७२००००/- भुक्तान गरिसकेको र असुल हुन बाँकी रु.१३८००००/- रह्न गएको र यस कार्यालयवाट पटक पटक ताकेता गरेको रेकडवाट देखिन्छ ।सो पोखरी संचालनको क्रममा २०७३ सालमा कसैले पोयाजन (वीष) हाली सम्पुर्ण माछा मारि दिएको र २०७४ सालमा पोखरीको डिल भत्की मर्मत गर्दा पानी सुकाइएको कारण मलाई ठुलो क्षति भएको भनी ठेकदार श्री विन्दा राय यादवले मिति २०७६।११।२२ गते द.न.७२३२ निवेदनवाट २ वर्ष म्याद थप माग गरेकोमा मिति २०७८।१२।१ गते बसेको कार्यपालिकाको बैठकमा तीन सदसीय छानविन समिति गठन गरी प्रतिवेद पेश गर्न निर्देशन दिए अनुसार समितिले स्थलगत सार्वजनिक मुचुल्लका गर्दा निवेदनमा उल्लेख गरिएको कारण सत्य रहेको हुदाँ छानविन समितिको संयोजक श्री विक्रम साह कानुले छतिपुर्ति दिन सिफारिस साथ प्रतिवेदन पेश गरेको र पोखरी लिदा खेरीको समझौताको वुन्दा नं.८ मा पोखरी मर्मत गर्दा ठुल्लो छति भए कार्यालयले सोही अनुसार छतिपुर्ति दिने भएकोले ठेक्दारलाई ठुलो छति भएकोले बक्यौता रकम रु.१३८००००/- ठेक्दारले ३० दिन भित्र एकमुस्ट बुझाएमा सो रकममा लाग्ने ब्याज र हर्जाना छुट दिने निर्णय गरियो |

१४. वडा नं. १२, बर्थिंग सेन्टरमा स्वीपर सम्बन्धमा |

निर्णय :- वडा नं. १२ को बर्थिंग सेन्टरमा स्वीपर खटनपटन गराउने र खटाए बापत पारिश्रमिक रु ५०००/- मासिक उपलब्ध गराउने निर्णय गरियो |

१५. आर्थीक सहयोग सम्बन्धमा |

निर्णय :- तपसिल अनुसारका व्यक्तिहरु र संघ/संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो |

तपसिल

(क) वडा नं. २६ आलम मिया धोबीलाई रु. १००००/-
(ख) वडा नं. १२ रामकली पासवानलाई रु ५०००/-
(ग) वडा नं. १० मैमुल खातुनलाई रु. ७५०००/-
(घ) वडा नं. ४ सुदर्शन शर्मालाई रु. ३००००/-
(ङ) वडा नं. २६ निकेश पासवान रु. ५००००/-
(च) वडा नं. ९ मा हुने रक्तदान कार्यक्रमको लागि रु.१००००/-
(छ) वडा नं. ६ मा हुने रक्तदान कार्यक्रमको लागि रु.१००००/-
(ज) वडा नं. २५ गणेश पटेललाई रु. १००००/-
(झ) वडा नं. १२ को ढोरा रामलाई रु १००००/-
(ट) वडा नं. १३ दिनेश पासवानको छोरालाई रु. १००००/-
(ठ) वडा नं. १६ जगी रामलाई रु १००००/-
(ड) नेपाल इन्षिटच्युट अफ मास कम्युनिकेशन प्रा.लि. लाई रु. ५००००/-

१६. खसी बजार र हाट बजारको ठेक्का सम्बन्धमा |

निर्णय :- खसी बजार र हाट बजार सम्बन्धि राजश्व परामर्श समिति को मिति २०७९/४/१० मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो |